# वामपन्थी र कम्युनिस्टहरूबीच एकता आवश्यक छ : उपाध्यक्ष ज्ञवाली

■ प्रभाव संवाददाता

**काठमाडौं–** नेकपा (एमाले) का नवनिर्वाचित उपाध्यक्ष युवराज ज्ञवालीले आफ्नो पार्टीप्रति जनताको आकर्षण निरन्तर बढ्दो रहेको दाबी गरेका छन् । उनले १०औँ राष्ट्रिय महाधिवेशन भव्य रूपमा सम्पन्न भएको पनि बताए ।

बिहीबार राजधानीमा आयोजना गरेको साक्षात्कारमा बोल्दै उनले एमाले नै आगामी निर्वाचनपछि पनि पहिलो दल बन्ने र बहुमत ल्याउने दाबी गरे । उनले भने, 'नेपालको इतिहासमा यति धेरै जनसहभागिता कुनै पनि पार्टीको कार्यक्रममा भएको थिएन । मैले सबै दलका महाधिवेशन, अधिवेशन, आमसभा हेरेको छु, यसपटकको हाम्रो महाधिवेशनमा पाँच लाख जनता उतार्ने योजना थियो । तर, त्योभन्दा पनि धेरै जनसमूदायको उपस्थितिमा हाम्रो उद्घान सम्पन्न भयो । एमालेप्रति जनताको आकर्षण निरन्तर बढ्दो अवस्थामा छ । जनहसहभागिताको हिसाबले १०औँ महाधिवेशन ऐतिहासिक भयो । इतिहासमै कुनै एउटा पार्टीले यत्रो जनसमुदायको उपस्थितिमा कार्यक्रम गरेको थिएन । अहिले पनि एमाले संसदमा सबैभन्दा ठूलो पार्टी छ । आउने दिनमा पनि यो पार्टीले बुहमत ल्याउने कुरा स्थापित भइसकेको छ । यो कुरा चितवनको जनसभाले पुष्टि भयो ।'

उपाध्यक्ष ज्ञवालीले फेरि पनि वामपन्थीहरूबीच एकताको आवश्यकत्ता रहेको



औंल्याए । उनले भने, 'एमालेसामु चुनौति छन्, एउटा पार्टी फुटेर तीन टुक्रा भयो । एमाले पनि फुटेको छ । हामीले सरकार ५ वर्ष चलाउन सकेनौँ । अहिले कांग्रेसको नेतृत्त्वमा सरकार बनेको छ । हामीले कमिकमजोरी कहाँ रह्यो भनेर समीक्षा गर्नुपर्छ ।'

उनले एमाले अब सशक्त भएर अघि बढ्ने पनि दाबी गरेका छन् । उनले भने, ' हामी कमीकमजोरी सच्याएर र फराकिलो छाती लिएर अघि बढ्नेछौँ ।' ज्ञवालीले महाधिवेशन भव्य र सफल रूपमा सम्पन्न भएको दाबी गरे । यद्यपि महाधिवेशनमा केही कमीकमजोरी भने रहेको उनले स्विकारे । उनले आफूले पार्टीको चौँथोदेखि १०औँ महाधिवेशनसम्म सक्रियताका साथ भाग लिएको पनि स्मरण गराए । उनले भने, 'चौँथोदेखि अहिले चितवनमा सम्पन्न भएको १०औँ महाधिवेशनसम्म म आफैँ सहभागी छु । यी सबै महाधिवेशनमा म निर्वाचित भएको छु । म सक्रिय छु । ती सबै महाधिवेशन कुनै सहमति र कुनै प्रतिस्पर्धामा गरेका छौँ । अहिलेको महाधिवेशनको नयाँ विशेषता भनेको धेरै संख्या सहमतिमा छनोट भएको छ । केही प्रतिस्पर्धाको माध्यमबाट छनोट भए । दुवै तरिकाबाट हामीले नेतृत्त्व छनोट गरेका छौँ । यो महाधिवेशनमा उन्नत किसिमको अभ्यास गर्‍यौँ । हार्दिकताका साथ महाधिवेशन सम्पन्न भयो । असाध्यै शान्तिपूर्ण वातावरणमा व्यवस्थित ढंगले सम्पन्न भएको छ । यसर्थ प्रतिस्पर्धा र सहमतिको आधारमा नेतृत्त्व छनोट भएकाले यो महाधिवेशनको नयाँ विशेषता हो । नयाँ अभ्यास हो । लोकतान्त्रिक अभ्यासको कारणले पनि यो महत्त्वपूर्ण रह्यो । प्रतिनिधिहरू खुसीसाथ फर्किनुभएको छ । कतिपयमा असन्तुष्टि होला । आउनै पर्ने साथीहरू छुट्नुभएको छ ।'

उनले नेपालको राजनीतिमा एमालेले मूख्य भूमिका निर्वाह गर्नुपर्ने भएकाले आफूहरू सोहीअनुसार तयारीका साथ अघि बढेको पनि सुनाए । उनले भने, 'अहिले पनि जनमत एमालेको पक्षमा रहेको छ । एमालेसँग दुई तिहाईको बहुमतको सरकार सञ्चालन गरेको अनुभव छ ।

विगतको सकारात्मक र नकारात्मक अनुभवबाट शिक्षा लिएर एमालेले सिंगै मुलुकलाई हाँक्ने गरी आफ्नो योजना, नीति र कार्यक्रम प्रस्तुत गरिसकेको छ ।'

# पूर्वाग्रहका कारण ख्वप विश्वविद्यालय अनुमति पाएन : अध्यक्ष बिजुक्छें

■ प्रभाव संवाददाता

**भक्तपुर–** नेपाल मजदुर किसान पार्टीका अध्यक्ष नारायणमान बिजुक्छेँ (रोहित)ले पूर्वाग्रही सोचकै कारण ख्वप विश्वविद्यालय सञ्चालन गर्ने स्वीकृति नपाएको बताएका छन् ।

भक्तपुर नगरपालिका-७ हनुमानघाटस्थित छिपा ताँको पूर्वतिर निर्माण गरिएको मौलिक शैलीको खोह्व दीप ध्वाखा र छिपा ताँको उद्घाटन गर्दै उनले पूर्वाग्रही सोचले भक्तपुर नगरपालिकाले ख्वप विश्वविद्यालय सञ्चालन गर्ने स्वीकृति नपाएको गुनासो गरे । गएको १० वर्ष अगाडिदेखि भौतिक संरचना र अरु सबै प्रावधान पूरा गरेर स्वीकृति माग गर्दा पनि सत्तामा रहेका दलहरूले ख्वप विश्वविद्यालय सञ्चालनको अनुमति नदिएको उनले बताए ।

बिजुक्छेँले जनताको सहयोगबाट निर्मित खोह्व दीप ध्वाखा मौलिक, कलात्मक र निकै आकर्षक भएको चर्चा गर्दै सम्पदा संरक्षणमा भक्तपुरका जनताको अपनत्व र समर्पणभावको उच्च प्रशंसा गरे । छिपा ताँसँगै रहेको उपचार पोखरीलाई पुनर्जीवन दिनुपर्नेतर्फ



ध्यानाकर्षण गराउँदै अध्यक्ष बिजुक्छेँले भक्तपुर नगरपालिकाले आफ्ना विकास निर्माणका सम्पूर्ण गतिविधि गुणस्तरीय ढंगले उपभोक्ता समितिमार्फत गरिरहेकामा उपभोक्ता समिति खारेज गर्ने सरकारको निर्णय निर्माण व्यवसायी पोस्ने र जनताको भावनाविपरीत भएको आरोप लगाए ।

कार्यक्रममा भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिले उपभोक्ता समितिमार्फत गरिने विकास निर्माणको भौतिक संरचना बलियो हुने, स्थानीय जनताको अपनत्व रहने, स्थानीय जनताले स्वयंसेवी रूपमा श्रमदान गर्ने र कम लागतमा गुणस्तरीय निर्माण हुने बताए ।

स्थानीय सीप, प्रविधि र परम्परागत निर्माण सामग्री प्रयोग गरी निर्माण गरिएका पाँचतले मन्दिर, भैरवनाथ मन्दिरलगायतका सम्पदा ठूल्ठूला भूकम्पबाट पनि जोगिएको भन्दै उनले अहिले भएका निर्माण पनि वर्षौंवर्ष टिक्ने गरी गुणस्तरीय निर्माणमा नगरपालिकाले जोड दिँदै आइरहेको बताए ।

खोह्व दीप ध्वाखा निर्माण उपभोक्ता समितिका कोषाध्यक्ष रत्नलाल साँधले ध्वाखाको दायाँ बायाँ सहायकद्धार र बीचमा मुख्य रहेको खोद्रा दीप ध्वाखा निर्माणका लागि ४९ लाख ९५ हजार ९७४ भन्दा बढी आर्थिक सहयोग संकलन भए पनि ४८ लाख ६९ हजार ८६५ मा निर्माण सम्पन्न गरेको बताए ।

त्यस्तै छिपा ताँ निर्माण उपभोक्ता समितिका कोषाध्यक्ष लक्ष्मी रञ्जितले पुलको लगत अनुमान एक करोड ९८ लाख ४१ हजार २६६ रहे पनि कूल खर्च एक करोड ७७ लाख आठ हजार ७३० मा निर्माण सम्पन्न भएको बताए ।

# एक हजार महिलालाई 'इम्ब्रोइडरी थाङ्का' तालिम

■ प्रभाव संवाददाता

**काठमाडौं–** एकहजार नेपाली महिलालाई रोजगारी दिने उद्देश्यले ' इम्ब्रोइडरी थाङ्का' तालिमको सुरूवात भएको छ ।

नेपाल विश्वकर्मा आर्टस् एण्ड क्राफ्ट्स प्रालि, बौद्धले बुधवारदेखि उक्त तालिमको सुरूवात गरेको हो । कपडामा विभिन्न रंगका धागोले इम्ब्रोइडरी गरी बनाइने थाङ्का तालिमको उद्घाटनका लागि चीनका प्रशिक्षकहरू भर्चुअल माध्यमबाट जोडिएका थिए । सो प्रालिमार्फत चीनका प्रशिक्षकहरूले नेपाली महिला/किशोरीलाई तालिम दिएर उत्पादन भएका सामग्री बजारीकरणका लागि चीनियाँ नागरिक ढोमा घ्यापले सहकार्य गर्ने नेपाल विश्वकर्मा आर्ट्स प्रालिका व्यवस्थापक दावा लामाले जानकारी दिए । उनले हातले कपडामा बुट्टा भर्ने यस तालिममा सहभागीलाई ६ महिनासम्म प्रशिक्षण दिने बताए । काम सिकेपछि कार्यालयमा आएर काम गर्न चाहनेका लागि रोजगारी दिने र नचाहनेले घर-घरमै आफ्नो घरायसी काम सकेर बुनेर दिन सक्छन्, त्यसको उचित मुल्य पाउने उनले बताए । थाङ्का बनाउन कच्चा पदार्थ पनि कम्पनीले नै व्यवस्था गर्ने व्यवस्थापक लामाले बताए । कोभिड-१९ सुरू हुनुभन्दा अगाडि नै तालिम दिने तयारी गरिएकोमा महामारीका कारण रोकिएकोले तालिमको उद्घाटन गरिएको प्रालिले जनाएको छ ।

राष्ट्रिय विभुती अरनिको र हरितितारा भृकुटीकालदेखि नै स्थापित नेपाल चीन सम्वन्धलाई जनस्तरबाटै व्यापक बनाउँदै लाने उदेश्यका साथ सो अभियान थालिएको हो ।


**मतदाता नामावलीमा दर्तासम्बन्धी जिल्ला निर्वाचन कार्यालय, ललितपुरको सूचना**

१. मतदाता नामावली संकलन विशेष कार्याकम मिति २०७८ साल मंसिर १७ गतेदेखि पुस २ गतेसम्म पहिलो चरणमा वागमती, महाकाल र कोन्ज्योसोम गाउँपालिकाको कार्यालयमा र दोस्रो चरणमा २०७८ साल पुस ४ गतेदेखि पुस १८ गतेसम्म गोदावरी र महालक्ष्मी नगरपालिकामा संचालन हुँदै छ ।
२. नेपाली नागरिकताको प्रमाण-पत्र प्राप्त गरेका तर मतदाता नामावलीमा नाम दर्ता गर्न छुटेका नागरिकले आफ्नो नागरिकताको प्रमाण-पत्र सक्कलै लिई उक्त स्थानमा आएर नाम दता गर्न सक्नु हुनेछ । अन्यत्रबाट बसाइसराई वा विवाह गरेर आउनुभएका नागरिकहरूले बसाइसराईको प्रमाण-पत्र वा विवाह दर्ताको सक्कल प्रमाण-पत्र लिई आउनु पर्नेछ ।
३. स्थायी बसोबार गरेको जिल्लाबाट अन्य जिल्लामा बसोबास गर्ने नागरिकले मतदाता नामावलीमा आफ्नो नाम दर्ता गर्न छुटेको भए मिति २०७८ साल मंसिर १७ गतेदेखि सक्कल नारिकताको प्रमाणपत्र लिई जिल्ला निर्वाचन कार्यालय, ललितपुरमा स्वयम् उपस्थित भई नाम दर्ता गर्न सकिनेछ ।
४ जिल्ला निर्वाचन कार्यालय र जिल्ला प्रशासन कार्यालय, ललितपुरमा हाल भइरहेको मतदाता नामावलीमा नाम दर्ता कार्य निरन्तर चलिरहनेछ ।

**साउदीमा वैदेशिक रोजगारको अवसर**

कम्पनी : **Bina Al-Jubail Contracting Est.**

पूर्व स्वीकृति मिति २०७८/०८/१५ | LT. No. 252512 | चलानी नं. ६०१६९३५३

| सि. नं. | कामदारको पद | माग संख्या | | मासिक तलव | | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | पुरुष | महिला | SR | ने.रू. | | | | | | | |
| 1 | Worker | 05 | 0 | 1000 | ३१,८७० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तरवार्ता संस्थाको कार्यालय काठमाडौंमा मंसिर २४ गते (10th Dec 2021) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यवस्था:** रु. १,५००/- कामदार आफैंले **सेवा शुल्क: नि:शुल्क**

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**SUGAM OVERSEAS PVT. LTD.**

श्रम ईजाजत नं. ८३८/०६६/०६७

Dhapasi-08, Samakhushi (Ring Road), Kathmandu, Nepal
Tel: +977-1-4386106, Fax: +977-1-4364366 E-mail: info.sugam@gmail.com,
info@sugamoverseas.com.np, Web: www.sugamoverseas.com.np

**बराहपोखरी गाउँपालिका**
**गाउँ कार्यपालिकाको कार्यलय**
**बाघखोर भञ्ज्याङ, खोटाङ**
**प्रदेश नं. १, नेपाल**

**विषय: बोलपत्र स्वीकृत गर्ने आशयको सूचना**

प्रकाशित मिति २०७८।०८।१७

यस कार्यालयका लागि चालु आ.व.२०७८।०७९ को स्वीकृत वार्षिक कार्यक्रमअनुसार तपसिल बमोजिमका ठेक्काहरूका लागि मिति २०७८।०७।१४ र २०७८।०७।१५ मा राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित सूचना अनुसार E-Submisission बाट दर्ता भई तपसिलमा उल्लेखित बोलपत्र न्यूनतम् मूल्यांकित सारभूत रूपमा प्रभावग्राही भई स्विकृतीका लागि छनोट भएको र बोलपत्र मूल्यांकन समितिको मिति २०७८।०८।१५ र १६ को निर्णयानुसार बोलपत्र स्विकृतीका लागि सिफारिसस भएको हुँदा सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ को उपदफा (२) तथा दफा ४७ को प्रयोजनार्थ सम्बन्धित सबै बोलपत्रदाताहरूलाई समेत यसै सूचनाद्वारा जानकारी गराइन्छ ।

**तपसिल**

| सि. नं. | ठेक्का नं. | कार्यको विवरण | बोलपत्रदाताको नाम, ठेगाना | कवोल रकम (मु.अ.कर समेत ) रु. |
|---|---|---|---|---|
| १. | BRM/KHO/G/ 01/078/079 | Materials Purchage, Transportation & Installation ( Transmission & Distribution Network) | Sohan Construction, Itahari 7, Sunsari | Rs. 130,53,599.28 |
| २. | BRM/ROAD/ 078/079/01 | Upgrading of dhaplang-Sintang Road | Analaxmi Nirman Sewa Pvt. Ltd. Nagarjun 2 | Rs.115,89,013.22 |

**मेरिङदेन गाउँपालिका**
**गाउँ कार्यपालिकाको कार्यालय**
**(पदपूर्ति समिति)**
**सान्थाक्रा, ताप्लेजुङ**
**१ नं. प्रदेश, नेपाल**

**हे.अ. र ल्याब असिस्टेन्ट सेवा करारमा पदपूर्ति गर्ने सम्बन्धि सूचना**

(प्रथम पटक प्रकाशित मिति : २०७८/०८/१७ गते शुक्रबार)

यस मेरिङदेन गाउँपालिकामा हे.अ. र ल्याब असिस्टेन्ट पदका लागि स्वास्थ्य संस्थामा रिक्त रहेका पदमा चिकित्सक वा स्वास्थ्यकर्मी करार सेवामा व्यवस्थापन गर्ने सम्बन्धी कार्यविधि, २०७६, मेरिङदेन गाउँपालिकामा करारमा प्राविधिक र अन्य कर्मचारी व्यवस्थापन गर्ने सम्बन्धी कार्यविधि, २०७७ तथा गाउँ कार्यपालिकाको मिति २०७८/०८/१२ गतेको निर्णयानूसार खुला प्रतिस्पर्धाबाट सेवा करारमा कर्मचारी पदपूर्ति गर्नुपर्ने भएकोले देहाय बमोजिमको योग्यता पुगेका ईच्छुक नेपाली नागरिकले प्रथम पटक सूचना प्रकाशित भएको मितिले १५ दिन भित्र दरखास्त पेश गर्न यो सूचना प्रकाशित गरिएको छ । दरखास्तको लागि कार्यालयको website: www.meringdenmun.gov.np बाट दरखास्त फाराम डाउनलोड गरी कार्यालयमा मात्र दरखास्त दिन सकिनेछ ।

**निम्न:**

| वि.नं. | किसिम | पद | तह | सेवा | समुह | संख्या | कैफियत |
|---|---|---|---|---|---|---|---|
| १०४/०७८-०७९ | खुला | हे.अ. | सहायक पाँचौं | स्वास्थ्य | हे.ई. | १ (एक) | थिङलाबु स्वास्थ्य चौकी |
| १०५/०७८-०७९ | खुला | ल्याब असिस्टेन्ट | सहायक चौंथो | स्वास्थ्य | मे.ल्या.टे. | १ (एक) | सान्थाक्रा स्वास्थ्य चौकी |

१) **आवश्यक न्यूनतम योग्यता:**
क) हे.अ. को लागि मान्यता प्राप्त शैक्षिक संस्थाबाट हे.अ. कोर्स उतिर्ण भएको वा सो भन्दा माथि,
ख) ल्याब असिस्टेन्टको लागि मान्यता प्राप्त शैक्षिक संस्थाबाट ल्याब असिस्टेन्ट उतिर्ण भएको वा सो भन्दा माथि,
ग) दरखास्त दिने मितिमा १८ बर्ष पूरा भई ४५ बर्ष ननाघेको हुनुपर्नेछ ।
२) **करार अवधी:** २०७९ साल आषाढ मसान्तसम्म (कार्य सम्पादनको आधारमा म्याद थप हुने)
३) **तलब:** प्रचलित स्केल बमोजिम हुनेछ ।
४) **आवश्यक कागजातहरु:** (सम्पूर्ण कागजातहरु उम्मेद्वार आफैंले प्रमाणित गरी पेश गर्नुपर्नेछ)
क) नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपी १ (एक) प्रति,
ख) पासपोर्ट साईजको फोटो ३ (तीन) प्रति,
ग) सम्पूर्ण शैक्षिक योग्यताको प्रमाणपत्रहरुको प्रतिलिपी १/१ प्रति,
घ) सम्बन्धित परिषद्मा दर्ता भएको प्रमाणपत्र,
ङ) एन.सी.सी. बैंक मेरिङदेन शाखाको ग-१.१ आन्तरिक राजस्व खाता नं. १५३०००००१३४०१ मा दस्तुर बुझाएको भौचर,
च) कार्य अनुभव र तालिम भए सोको प्रमाणपत्र प्रतिलिपी १/१ प्रति ।
५) **आवेदन दस्तुर:** हे.अ. पदका लागि रु. ६००/- (छ सय मात्र) र ल्याब असिस्टेन्ट पदका लागि रु.५००/- (पाँच सय मात्र)
६) **दरखास्त दिने अन्तिम मिति:** २०७८/०९/०२ गते
७) **दोब्बर दस्तुर सहित दरखास्त दिने मिति:** २०७८/०९/०९ गते
८) **काम गर्नुपर्ने स्थान:** कार्यालयले तोकेको स्वास्थ्य चौकीमा
९) **परीक्षाको किसिम:** कार्यविधिको दफा ४ मा तोकिए बमोजिम प्रारम्भिक सूचीकरण, लिखित (वस्तुगत)/अन्तर्वार्ता
१०) **परीक्षा मिति र स्थान:** समितिले तोके बमोजिम हुनेछ । अन्य कुराहरु प्रचलित कानून तथा समितिको निर्णयानूसार हुनेछ र थप जानकारीका लागि ९८५२६६०१९७ मा सम्पर्क राख्नसकिनेछ ।